हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : ११० पृष्ठ : ४ २०७७ मंसिर ०५ गते शुक्रबार (Friday 20 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी
**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल**
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

## नदी, पोखरी, हाटबजार छठमय






**म**हापर्व छठ सुरु भएसँगै सिरहामा चहलपहल सुरू भएको छ । मिथिला क्षेत्रमा विशेष रूपमा मनाइने यो पर्व अहिले राजधानी काठमाडौंसहित पहाडी जिल्लामा पनि मनाउने चलन सुरू भएको छ ।

छठ पर्व सुरू भएसँगै मुख्य दिन 'सन्ध्याकालीन अर्घ्य' (मंसिर ५ र ६ ) को निम्ति सामग्री व्यवस्थापन र पोखरी, तलाउ, नदीलगायतका जलाशय सफा गरेर सजाउने काम सुरू भएको छ ।

जिल्लाको विभिन्न स्थानका पोखरी, कमला, बलान, गागन, घुर्मी, खुट्टी खोला र अन्य बजार क्षेत्रका पोखरीमा पूजास्थल निर्माण र सजाउने काम तीब्र रूपमा भइरहेको छ । यता ग्रामीण र मुख्य बजार क्षेत्रहरूलहान, मिर्चैया, गोलबजार लगायत सिरहा सदरमुकाममा विशेष रूपमा माटो र बाँसको चोयाले बनेका पूजा सामग्री खरिद-बिक्री बढेको छ । त्यससँगै झुप्पावाला केरा, फलफूल किन्न बजारमा भिडभाड देखिएको छ ।

माटोका घैला, हात्ती, दिया, ढकना र बाँसको चोयाले बनेका ढकिया, सुपा, कोनिया, डगरी, झुप्पावाला केरा, नविरल, पातसहितको उखुको खरिद-बिक्री बढेको हो ।

बिहीबारदेखि सुरू भएको छठपर्वको दोस्रो दिन भोलि खरना रहेको छ । दिनभरि व्रत बसेका ब्रतालुहरु खरनामा विशेष प्रकारको खिर बनाउने गर्छन् । खिर प्रसादका रूपमा ग्रहण गरेपछि ब्रतालुहरूको निराहार ब्रत सुरू हुन्छ । अगामी शुक्रबार अस्ताउँदो सूर्यलाई र शनिबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ पर्व सम्पन्न हुनेछ ।

**छठको चहलपहल**

छठको तयारीमा मधेसका नदी, पोखरी, हाटबजार, गाउँघर छठमय बनेको छ । जलाशय किनारमा छठीमतालाई पवित्र सामाग्री नैवेद्य चढाएपछि उदाउँदो र अस्ताउँदो सूर्यदेवलाई अर्घ दिनका लागि मधेसका नदी, पोखरी सिंर्गान थालिएको छ । घाट बनाउन नदी, पोखरीमा घुइचो लागेको छ ।

नदी पोखरीमात्र होइन छठी मातालाई पवित्र सामाग्री केरा, मूला, अदुवा, नरिवल, पान, सुपारी, नांगलो, ढकी, चंगेरी, माटोको हात्ति किनमेलका लागि आउनेको भीडले सिरहाका हाटबजार भरिएका छन् । छठमा मात्र माटोको सामाग्रीले अत्यधिक बजार पाउँछ ।

छठकै लागि भनेर लहान नगरपालिका-६ का जितेन्द्र पण्डितले यसपटक नौ सय माटोको हात्ति बनाएका छन् । यसबाट ९० हजार आम्दानी हुने उनले सुनाए । 'छठ पर्वमा मात्र बिक्री हुने माटोको हात्ति डेढ सय रूपैयाँसम्म गोटामा बिक्री गर्छु' उनले भने 'यसपटक तीन दिन अवधिमा सात सय माटोको हात्ति बिक्री गरिसके ।' बढ्दो प्लाष्टिकको सामाग्री प्रयोगले आफूहरूको व्यवसाय धरमराउन थालेपनि दीपावली र छठपर्वमा माटोको सामाग्री बिक्रीले पुर्ख्यौली पेशा धानेको उनले बताए । छठ पर्वमा माटोको हात्ति अनिवार्य मानिन्छ ।

सूर्यदेवको आरधना, उपसना र पूजाको यो पर्वमा केरा, उखु, नरिवल लगायतका फलफुल, बासद्वारा निर्मित नाङ्लो, ढकी, चंगेरी आवश्यक पर्छ । त्यसैगरी, माटोबाट निर्मित पाला, हाति, घैला लगायत सामग्री र महिलाले लगाउने वस्त्र, गरगहना चाहिन्छ । पर्वमा यी सामाग्रीको खरीद बिक्रीले राम्रो कारोबार पाउछ । छठ पर्वमा अर्घका रूपमा ठेकुवा, भुसुवा चढाईन्छ ।

यो महापर्वको पहिलो दिन नुहाएर चोखो भई खाने, दोस्रो खरना, तेस्रो दिन अस्ताउदो र चौथो दिन उदाउदो सूर्यलाई अर्घदिएपछि विधिवतरूपमा समापन हुन्छ । छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइने जनविश्वास छ ।

## ब्ल्याकमेलिङ गर्न खोज्ने पक्राउ

**सिरहा** । प्रहरीले सिरहाको कल्याणपुर नगरपालिकाबाट अश्लील भिडियो बनाएर ब्ल्याकमेडिङ गर्ने एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा वडा नम्बर-४ का २० वर्षीय अजय महरा छन् ।

गाउँकै २२ वर्षीया युवतीलाई जबरजस्ती करणी गरी अश्लील भिडियो बनाइ ब्ल्याकमेलिङ गरेको आरोपमा अजयलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी प्रमुख तथा डीएसपी सन्तुकुमार जैसवारले जानकारी दिए । वडानम्बर ४ कै २३ वर्षीय जितन रामले समेत जबरजस्ती करणी गरेको र अहिले उनी फरार रहेको डीएसपी जैसवारले बताए ।

ती महिलालाई मंगलबार रामले जबरजस्ती करणी गरेको र उसको साथी अजयले भिडियो खिचेका थिए । दुवै साथीले बनाएको अश्लिल भिडियो देखाई ब्याकमेल गर्दै महिलालाई पटक पटक जबरजस्ती करणी गर्ने योजना बनाएको खबर प्राप्त भएपछि भिडियो बनाउनेलाई पक्राउ गरिएको र फरार भएका अर्का युवकको खोजी भइरहेको प्रहरीले जनाएको छ ।




## मुसहर बस्तीमा साढे २८ लाख बढीको सामुदायिक शौचालय

■ **मणिलाल विश्वकर्मा**

खुला दिसा मुक्त क्षेत्र भएपनि प्रायः घरमा शौचालय नहुँदा बिहान बेलुका दिसा पिसाब गर्न अन्यको खेतबारीमा जाँदा गालीगलौज सुन्न बाध्य मुसहर बस्तीका लागि साढे २८ लाख रूपैयाँ बढीको खर्चमा बनाइएको सुविधायुक्त सामुदायिक शौचालय हस्तान्तरण गरिएको छ ।

सिराहाको लहान नगरपालिका-११ पडरियास्थित ३० घरको मुसहर बस्तीको मध्यभागमा दुई ब्लकमा बनाइएको १० वटा शौचालयको साँचो बिहीबार दिउँसो एक समारोहबीच समुदायलाई हस्तान्तरण गरिएको हो । शौचालय हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै लहान नगर प्रमुख मुनि साहले हस्तान्तरित शौचालय बस्तीको मात्र नभई सिंगो नगरको सरसफाइको प्रतिक भएकाले सुरक्षासहित प्रयोग गर्न आग्रह गरे । 'शौचालय प्रयोग गरेपछि आफैंले सफा गर्ने बानी बसालौं' नगर प्रमुख साहले भने । खानेपानी, शौचालय, फोहोर






व्यवस्थापन सम्बन्धी छिमेकी मुलुक बंगलादेशको अवलोकन भ्रमणपछि मुसहर बस्तीमा हातधुने ठाउँ, अपांगमैत्री र नुहाउने सुविधा समेत रहेको शौचालय निर्माण गरिएकाले आफ्नै ठानेर सुरक्षासहित प्रयोग गर्न उनको आग्रह थियो ।

*बाँकी ३ पेजमा*




**फ्रेन्डस मोडल हस्पिटल, लहान ४**
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**
बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## दलित समुदायलाई थातथलोको व्यवस्था गर

नेपालको संविधान २०७२ ले दलित समुदायका हक, अधिकारको व्यवस्था गरेको छ । साथै जातका नाममा गरिने विभेद, छुवाछूत, गालीगलौज, बहिस्कार अन्त्यको प्रावधानसमेत राखेको छ । यो संविधान जारी भएपछि अझ कार्यान्वयन भइसकेपछि समेत जातीय विभेदका घटना, हत्या, दमन, छुवाछूतका जघन्य अपराधका कैयौं घटना भएका छन् । स्थानीय तह, प्रदेश र संघीय, संसद् र सरकार आइसकेको छ । अत: संविधानको पूर्वपालनासहित त्यसका धारा, उपधारा, व्यवस्था लागू गर्नु सरकारको प्रमुख दायित्व हो ।

नेपालको संविधान २०७२ मा कुनै पनि सार्वजनिक या निजी स्थान र क्षेत्रमा जातजातिकै नाममा विभेद, छुवाछूत व्यवहार गर्न नपाइने र गरेमा कानुनी कारबाही हुने स्पष्ट व्यवस्था छ । तर सार्वजनिक पानी, पँधेरो, स्कुल, मन्दिर, अस्पताल, सार्वजनिक सवारी साधन, मेला, समारोह इत्यादि स्थानमा दलित भएकै कारण अपमानित हुनुपर्ने विडम्बना यथावत् छन । जातकै कारण गालीगलौजका भाषा, अपशब्द, सुन्नुपर्ने मात्रै होइन, दलितसँग बिहे, प्रेम गर्दा गाउँनिकाला हुनुपर्ने, यातना, हत्या, बहिष्कार सहन बाध्य पारिने स्थिति अन्त्य हुन सकेको छैन ।

राज्यले घोषितरूपमा सम्पत्ति, शिक्षा, स्वास्थ्य, वस्त्र, बसोबास, घरपरिवारजस्ता मानवीय आधारभूत आवश्यकताबाट समेत वञ्चित गराएकाले दलित समुदाय, वर्गसमेत हो । ६५ लाख दलित समुदायलाई बाइपास गरेर राष्ट्रले न समृद्धि प्राप्त गर्न सक्छ, न त स्थायित्व, दीर्घ शान्ति, उन्नतिको कल्पनै । भूमिहीन सुकुम्बासी अधिकारकर्मी र अगुवाहरुले वास्तविक भूमिहीन सुकुम्बासी परिवारले जमीन नपाएको गुनासो गरेका छन् । उनीहरुले सुकुम्बासीको नामको जग्गा ठूला ठूला धनाढयको कब्जामा रहेकोले जग्गा फिर्ता गराई वास्तविक भुमिहीन, सुकुम्बासीहरुलाई वितरण गर्न समेत माग गरे ।

राष्ट्रीय दलित नेटवर्क काठमाण्डौद्वारा लहानमा बुधबार आयोजित 'भुमिहीन, सुकुम्बासी तथा हरवा चरवाको अधिकार सम्बन्धी' कार्यशाला गोष्ठिमा वास्तविक भूमिहीन सुकुम्बासी परिवारले जमीन नपाएको गुनासो राखेका हुन । कार्यशाला गोष्ठीमा सिरहा, सप्तरी र धनुषाका भूमिहीन तथा हरवा चरवा अधिकारकर्मी र अगुवाहरुको सहभागिता रहेको थियो । भूमिहीन, सुकुम्बासी तथा हरवा चरवाको अधिकार सम्बन्धी कार्यशाला कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उधोग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश मण्डलले कार्यक्रमलाई सम्बोधन गर्दै भूमिहीन, सुकुम्बासी तथा हरवा चरवा समुदायले आफनो हक अधिकारका लागि आफै अग्रसर हुनुपर्नेमा जोड दिए ।

राज्यमन्त्री मण्डलले नेपालमा व्यवस्था परिवर्तन भएसँगै हरेक तह तप्का समुदायमा पनि परिवर्तन हुनुपर्ने आवश्यकता औल्याए । उनले नेपालमा बास्तविक सुकुम्बासीहरुले जमिन नपाएकोमा दु:ख व्यक्त गरे । उनले सुकुम्बासीको नामको जग्गा ठूला ठूला धनाढयको कब्जामा रहेकोले जग्गा फिर्ता गराई वास्तविक भूमिहीन, सुकुम्बासीहरुलाई वितरण गर्ने आश्वासन दिए । तसर्थ संविधानले ग्यारेण्टी गरेको भूमिहीन सुकुम्बासी दलित समुदायालाई बसोबासको ग्यारेण्टीका लागि राज्यले पहल गर्न जरुरी छ ।

# स्थानीय विकासमा नागरिक स्वामित्व र सहभागिता

**पालिका बहस**

**चम्फासिंह भण्डारी**

अहिले देशमा स्थायी सरकार निर्माण भएको छ । संघीय संरचना अनुरूप संघ, प्रदेश र स्थानीय सरकारहरु विकास अभियानमा संलग्न भएका छन् । 'समृद्ध नेपाल, सुखी नेपाली' मुख्य नाराका साथ जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरु आआफ्नो स्तरबाट विकास र आर्थिक समृद्धिमार्फत आम नेपाली नागरिकहरूको जीवन सहज बनाउने प्रयास र प्रयत्नहरु अघि बढिरहेका छन् ।

योजनाबद्ध विकास सुरू भएको झण्डै ६ दशक भयो । तर विकासलाई बुझ्ने, कसले गर्ने, विकासका उपभोक्ता र दिगो विकासका बारेमा साझा दृष्टिकोण बन्न सकेको छैन ।

कोही सुशासनलाई विकासको आधारशिला मान्छन् भने कोही अरूले गरिदिने विषय ठान्छन् । कोही नागरिकहरूको विकासमा सहभागिता किन चाहियो ? भन्ने सवाल खडा गर्छन् । विकास अरूले गरिदिने विषय होइन । आम मानिसहरूको जीवन सहज बनाउनका लागि विकास आवश्यक पर्छ । आम नागरिकहरूको सहभागिता र स्वामित्वबिना विकास सम्भव छैन भन्ने विषय पनि सँगसँगै उठ्ने गर्छ ।

सामुदायिक सुशासनबिना भ्रष्टाचार रोकिँदैन । विभिन्न तरिकाले जानी नजानी, यो वा त्यो बहानामा आम नागरिक तहमा पनि सरकारी पैसा न हो, कसैले घरबाट दिएको पैसा होइन, उपभोक्ता समितिमा सहभागिता भनेको कमाउनु हो जस्ता सोचको वृद्धि अहिले स्थानीय तहमा हुँदै गएको पाइन्छ । यस्ता सोचले भ्रष्टाचारलाई संस्थागत गर्न लागि योगदान गरिरहेको छ ।

मानिसहरूको संस्कार, पद्धति, मूल्य मान्यता र विचारबाट उत्पन्न हुने विषय हुन । हरेक मानिस कम्तीमा आफू सादगी बन्ने, श्रममा विश्वास र त्यसको सम्मान गर्ने, उत्पादन प्रणालीसँग आबद्ध हुने, अधिकार र कर्तव्यप्रति सचेत हुने र सरकारी पैसा हरेक नागरिकले तिरेको करबाट जम्मा हुने रकम हो । स्रोतहरुको पहिचान, संरक्षण र उपयोग गर्दै सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्छ भन्ने सोचको विकाकास गर्न सके विकासका लागि स्थानीय स्तरमै पर्याप्त स्रोतहरु जुट्न सक्छ । विकास आफ्नो जीवनको सहजताका लागि आफैले गर्ने हो भन्ने धारणा हरेक नागरिकले बनाउन सक्ने हो भने विकास र समृद्धिका लागि अर्को धेरै दशक कुर्नु पर्दैन ।

सामुदायिक विकासका लागि प्रतिबद्ध थोरै मात्र जनशक्ति निर्माण र परिचालन गर्न सक्ने हो भने विकास प्रक्रियामा धेरै ठूलो योगदान गर्न सक्छ ।

हरेक मानिससँग ज्ञान, सीप र क्षमता छ । त्यसलाई निखार्न उचित वातावरण आवश्यक पर्छ । यो मान्यतामा आधारित रहेर आलोचनात्मक विश्लेषण क्षमताको विकास गर्नुपर्छ । विकास के हो ? यो किन चाहिन्छ ? विकास कसले गरिदिनुपर्ने हो ? विकास कसरी दिगो हुन सक्छ ? भन्ने प्रश्नको चेतना आम नागरिकसम्म पुऱ्याउनुपर्छ । जनसहभागिता र जनताको आवश्यकतामा आधारित, स्थानीय सीप, ज्ञान र स्रोतको प्रयोग गर्दै विकासमा मानिसहरूको स्वामित्व प्रदान गर्ने नयाँ अभ्यासको थालनी भएको मान्न सकिन्छ ।

मानिसहरु संगठित भई एकापसमा मिलेर कामकाज गर्ने, एकताबद्ध रुपमा साझा सवालहरूमा छलफल गर्ने, मेलमिलाप, अैचोपैँचो, सरसहयोग, साझेदारी नेतृत्वको विकास र परिचालन, समस्याहरूको पहिचान र समाधानका विकल्पहरूको खोजी, स्थानीय स्रोतहरूको खोजी र अधिकतम परिचालनको योजना बनाउने र मानिसको जीवनमा रहेका असहजता, अप्ठ्याराहरूलाई कसरी सहज र सरल रूपमा समाधान गर्न सकिन्छ भन्ने कुराको खोजीले विकासलाई प्रभाव पार्छ ।

विकास अरूले गरिदिने होइन, यो त आफै आफ्ना लागि गरिने स्थानीय प्रयास हो भन्ने अर्को मान्यता पनि छ । विकासको सन्दर्भलाई बुझ्ने, त्यसमा आम उपभोक्ताहरूको अर्थपूर्ण सहभागिताको माग गर्ने गर्नुपर्छ । अर्थपूर्ण सहभागिताको अर्थ कुनै पनि समस्याको पहिचान, त्यसको समाधानका विभिन्न विकल्पहरूको खोजी गर्दै प्राप्त भएका विभिन्न विकल्पहरूबाट आफैले सहज रूपमा सम्पन्न गर्न सक्ने अवस्था विद्यमान रहन्छ ।



स्थानीय स्रोत साधनको प्रयोगबाट सम्पन्न गर्न सकिने खालको योजना निर्माण गर्ने, त्यो योजना कार्यान्वयनमा आफै सहभागी हुने, सम्पन्न भएपछि त्यसको मूल्यांकन गर्ने जिम्मा स्थानीय तहलाई जिम्मा दिन जरूरी पर्छ । त्यसबाट सिक्दै जाने तरिकाले गरिएको विकासमा स्थानीय उपभोक्ताहरूले स्वामित्वबोध हुनपुग्छ र यस्तो विकास दिगो हुन्छ ।

मानिसहरूलाई उनीहरुभित्र रहेको ऊर्जाशीलताले सिंचित गराउनका आवश्यक छ । मानिसभित्र शक्ति छ, ऊर्जा छ र उनीहरूले गर्न सक्छन भन्ने कुरा सजिलै उनीहरूलाई मनाउन गाह्रो त छ तर असम्भव भने छैन । काम गर्दै जाँदा, छलफल विश्लेषण गराउँदै जाँदा मानिसहरु आफ्नो शक्तिलाई चिन्न थाल्छन । आफू र आफ्नो समुदायका बारेमा विश्लेषण गर्दै व्यक्तिमा अन्तरनिहित क्षमता चिन्न थाल्छन् । अनि विस्तारै गरे सकिन्छ भन्ने विश्वास जाग्न थाल्छ । त्यसपछि उनीहरु एक्लै होइन, सामूहिक रूपमा, सङ्गठित रूपमा कामको थालनी गर्न थाल्छन् ।

आफ्नो विकास आफै भन्ने सकारात्मक सोच र चिन्तनको विकाससँगै मानिसहरूले आफ्नो घर अगाडिको खाल्डो पुर्न, बिग्रिएको धारा मर्मत गर्न, पानीको कुवा सफा गर्न, बाटो र घर आँगन सफा गर्न र आफूले दिसा गर्ने चर्पी निर्माण गर्नका लागि गाविस नगरपालिकाको बजेट चाहिने अवस्थावाट मुक्त हुन थाल्छन् र आफै काम गर्नका लागि तयार भएका थुप्रै उदाहरण छन् ।

स्थानीय समुदायका समस्याहरूको पहिचान विश्लेषण र विकल्पहरु खोजी खोलामा बाँसको पुल निर्माण गर्ने, बाटोको खाल्डो पुर्नका लागि माटो भर्ने वा ग्राभेलिङ गर्ने, घरमा चर्पी निर्माणका खाल्डो निर्माण गरी काठका प्यानहरु राख्ने, नाली खन्ने, सामुदायिक समूहका घरहरु निर्माण गर्ने जस्ता कार्यमा जनसहभागिता बढ्न थालेको छ । विद्यालयको सरसफाइ, विद्यालयमा अभिभावक, विद्यार्थी, शिक्षकका बीचमा अन्तरक्रिया गरी विद्यालयको पढाइमा सुधार गर्ने कार्य पनि सामूहिक रूपमा हुन थालेका छन् । सामुदायिक वनहरूको निर्माण तथा वृक्षरोपण, धाराको मर्मत, कुवा मर्मत तथा सरफाइ, तरकारी खेती, नगदेबाली, बाख्रा, कुखुरा, बंगुरपालन, गाईपालन जस्ता कामहरु मार्फत स्थानीय समुदायको जीविकोपार्जनमा सहजता ल्याउने कुरामा उनीहरु दृढतापूर्वक लागेका छन ।

स्थानीय समुदाय आफैले सामुदायिक समूहमा बचत संकलन गर्ने, सदस्यहरूलाई विभिन्न आयआर्जनका क्षेत्रमा न्यून व्याजमा ऋण लगानी असुली गर्ने जस्ता कामहरूबाट धेरै समुदायका मानिसहरूले घुम्तीपसल, चमेना पसल, विभिन्न पशुपक्षीपालन गरेर जीविकोपार्जनलाई सहज बनाउने अभ्यास गरेका छन् । उनीहरु आफैले आफ्नो बचत नै परिचालन गरेर काम गरेकाले इमानदारिता छ, काम गर्ने जोश र जाँगर छ । सिकेका अनुभव सिकाइहरूको आदान प्रदान गर्ने कामले उनीहरूमा एउटा विश्वास सिर्जना भएको छ ।

विकासका भौतिक पूर्वाधारहरु निर्माणका लागि स्थानीय स्रोतहरु मात्रै पर्याप्त नहुन सक्छन् तर स्थानीय स्रोतको पहिचान र परिचालनबाट नहुने वा नपुग्ने स्रोतका लागि मात्रै बाह्यस्रोतको खोजी गर्नुपर्छ । सबै स्रोतसाधन सरकार वा अन्य सङ्घसंस्थाले दिएपछि मात्रै विकास गरौँला भन्ने चिन्तनबाट मुक्त नभएसम्म विकासले गति लिन सक्दैन । त्यस्तो विकास दिगो पनि हुन सक्दैन ।

विकासका लागि सबैभन्दा पहिले मानवीय विकास आवश्यक छ । मानिसका चिन्तन, धारणा र विचारमा परिवर्तन नआएसम्म गरिने भौतिक पूर्वाधारको विकासले दिगोपना ल्याउन सक्दैन । यिनै मान्यतालाई आत्मसाथ

बाँकी ३ पेजमा

## आजको राशिफल

**मेष** :- कूटनीतिक नियोगको सहयोग मिल्ला । कार्यमा सफलता पाईनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउला । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ ।

**वृष** :- एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । सांगीतिक क्षेत्रमा रूची बढ्नेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ ।

**मिथुन**:- आज स्वास्थ्यमा समस्या आउनसक्छ । अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । प्रेममा आउन सक्छ । देशिक क्षेत्रपनि कमजोर रहनेछ ।

**कर्कट** :- अधुरा कार्य पूरा गर्न सहयोग मिल्नेछ । माइलो यात्राको योग रहेको छ । नयाँ कार्यको योजना बन्नेछ । शत्रुमाथि विजय मिल्ने समयछ ।

**सिंह**:- आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । अधुरो काम पूरा हुने र परोपकारमा रूचि बढ्नेछ ।

**कन्या** :- आज महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला तर आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । राजनैतिक कार्यमा बाधा आउनेछ ।

**तुला**:- आजको दिन भाग्यशाली भएर देखा पर्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । पुनर्मिलनको योग रहेको छ । शुभकार्यको चर्चापनि चल्नेछ ।

**वृश्चिक** :- आजको दिन शत्रु पराजित हुनेछन् । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । समाजसेवामा मन लाग्नेछ । बन्धु-बान्धवबाट सहयोगपनि मिल्नेछ ।

**धनु** :- इच्छा र आकांक्षा पूर्ण हुनेछ । सन्तान सुख मिल्नेछ । जोश जाँगर र हिम्मत वढ्नेछ । धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**मकर** :- मानसिक चिन्तापनि बढ्न सक्छ । प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ । पार्टी पिकनिक तथा सेमिनारमा सहभागिपनि भईएला ।

**कुम्भ**:- आज मन खिन्न हुने स्थिति आउनसक्छ । दबाब र तनाव बढेको महसुस हुनेछ । प्रेममा मनमुटावका साथै मन कमजोर रहन सक्छ ।

**मिन** :- आज शुभकार्यको चर्चा चल्नेछ । प्रेमीको सहयोग पाईनेछ । विश्वास गरेकाले साथ दिनेछन् । दिनको उत्तरार्धमा धन खर्च हुनेछ ।

# छठ पर्वलगत्तै पत्रकार महासंघको दोस्रो चरणको आन्दोलन

तीन ठूला सञ्चारगृहहरूमा दोस्रो चरणको आन्दोलन घोषणाको तयारी स्वरूप नेपाल पत्रकार महासंघले आज विभिन्न संघ-संगठनहरूसँग राय-सुझाव लिएको छ ।

महासंघमा आयोजित छलफलमा पत्रकारिता सम्बद्ध संगठनहरूले श्रमजीवी पत्रकारको अधिकार प्राप्तिका लागि महासंघले सम्बद्ध सञ्चारगृहका सञ्चालकको घर घेराउ, सञ्चारगृहमा तालाबन्दीदेखि श्रमजीवी पत्रकार ऐन तथा नियमावली कार्यान्वयनका लागि सरकारी निकायलाई समेत चर्को दवाब दिनुपर्ने सुझाव दिएको बैठकमा सहभागी पत्रकार महासंघ अन्तर्गतको श्रमजीवी हित प्रवर्द्धन समितिका सह-संयोजक जन्मदेव जैसीले जानकारी दिए ।

महासंघले कोरोना महामारीको बहानामा अन्यायपूर्वक निष्काशित पत्रकारहरूको स-सम्मान पुर्नवहाली, यसबीचको तलब-भत्ता उपलब्ध गराउन, दशैं खर्चलगायतका विगतमा दिंदै आएका सेवा-सुविधासहित बक्यौता चुक्ता गर्न, नियमित पारिश्रमिक उपलब्ध गराउन, घटाइएको पारिश्रमिक बढाएर पूर्ण बनाउन तथा श्रमजीवी पत्रकार ऐन तथा नियमावली अनुसारका सेवा-सुविधा उपलब्ध गराउन आन्दोलन गर्दै आएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष गोविन्द आचार्यले श्रमजीवी पत्रकारको समस्यालाई वार्ता र संवादबाट समाधन नभएका कारण आन्दोलन गर्नु परेको जानकारी दिदै छठ पर्व लगत्तै तीन सञ्चारगृहमा दोस्रो चरणको आन्दोलन गरिने बताए ।

प्रेस संगठनका संयोजक महेश्वर दाहालले सञ्चारगृहका सञ्चालकहरूले एक दिनको घाटालाई हेरे पत्रकारको पारिश्रमिक रोक्न नहुने भन्दै श्रमिकले विगतको नाफा खोज्ने बेला आएको बताए ।

महासंघका उपाध्यक्ष विपुल पोखरेलले पत्रकारको पेशागत सुरक्षाका सवालमा श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नगर्दा पत्रकारहरू आन्दोलित बन्नुपरेको बताए । महासंघका सचिव तथा श्रमजीवी हित प्रवर्द्धन समितिका संयोजक रामप्रसाद दाहालले श्रमजीवी पत्रकारका माग पुरा नगर्ने ठुला सञ्चारगृहका सञ्चालकहरूको घर घेराउ गर्न संगठनहरूले दिएको सुझाव कार्यान्वयन गरिने बताए। महासंघका सचिव लक्ष्मी पुन र शीतल महतोले महासंघको आगामि आन्दोलनका बारेमा धारणा राखेका थिए ।

कार्यक्रममा प्रेस नेपालका अध्यक्ष केशवराज अर्याल, क्रान्तिकारी पत्रकार महासंघका सचिव रनसुर महतारा, मधेशी पत्रकार समाजका अध्यक्ष मोहन सिंह, प्रगतिशील पत्रकार संघका निवर्तामान अध्यक्ष नारायण शर्मा, प्रेस सेन्टर नेपालका अध्यक्ष लोकराज जैसीले महासंघको आन्दोलनमा साथ र सहयोग रहने प्रतिवद्धता व्यक्त गरे । केन्द्रीय सदस्य समेत रहेका जन्मदेव जैसीका अनुसार छट पर्वलगत्तै संघरसंगठनका सुझावका आधारमा सशक्त आन्दोलन अघि बढाउन महासंघले आन्तरिक तयारी गरिरहेको छ ।

# जोखिम नभएका ठाउँमा विद्यालय खुल्ने

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कोभिड-१९ को जोखिम नभएका र कम हुँदै जाने स्थानीय तहका विद्यालयमा आलोपालो सिफ्ट वा उपयुक्त विधि अपनाई पठनपाठन सञ्चालनको बाटो खुलाएको छ ।

मन्त्रिपरिषद्को गत कात्तिक २२ गतेको निर्णयबाट स्वीकृत कोभिड-१९ को सन्दर्भमा विद्यालय सञ्चालनसम्बन्धी कार्य ढाँचा, २०७७' लाई मन्त्रालयले वेबसाइटमा समावेश गरी स्थानीय तहलाई जोखिमको मूल्याङ्कन गरी क्रमशः विद्यालय खोल्न मार्गदर्शन गरेको हो । हाल अनलाइनलगायत वैकल्पिक माध्यमबाट शिक्षण संस्थामा पठनपाठन भए पनि खासगरी तल्ला तहमा प्रभावकारी नभएपछि सरकारले विद्यालय खोल्ने आधार तयार गरेको छ ।

कार्यढाँचामा क्वारेन्टिन, आइसोलेसन केन्द्रका रूपमा रहेका विद्यालय पुनः सञ्चालन पूर्व निर्मलीकरण लगायत जनस्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्नुपर्ने उल्लेख छ । कार्यढाँचामा विद्यार्थी भर्ना, विद्यालय सञ्चालन एवं शिक्षण सिकाइ व्यवस्थापन तथा स्थगित परीक्षा सञ्चालनका सन्दर्भमा गर्नुपर्ने मूलभूत कार्यलाई व्यवस्थित बनाउन पनि आग्रह गरिएको छ ।

गत असोज २२ को निर्णयका आधारमा सरकारले सबै तहका परीक्षा सञ्चालनको कार्य सुरू गरिसकेको छ । मङ्सिर ९ गतेदेखि कक्षा १२ को गत वर्षको परीक्षाको ४० नम्बर प्राप्ताङ्कका लागि प्रत्यक्ष परीक्षा हुँदै छ। सो परीक्षामा विद्यार्थीलाई जहाँ रहेको छ त्यहीँको विद्यालय (होम सेन्टर) का रूपमा पनि परीक्षामा सामेल गराउने तयारी छ ।

परीक्षा अनलाइनबाट पनि दिन सकिने विकल्पमा छलफल भए पनि विद्यमान प्रश्नपत्रको प्रणालीमा यो विधि विश्वसनीय हुनेमा आशंका पैदा भएकाले प्रत्यक्ष परीक्षा हुन लागेको छ । **रासस**

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६०११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६०१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| एम्बुलेन्स (रेडक्रस), सिरहा | ०३३-५२०१२३ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |

## मुसहर...

शौचालयमा पानी, साबुनको व्यवस्थापन, नियमित सरसफाई र मर्मत सम्भार स्थानीय समुदायले गर्ने दलित जनकल्याण युवा क्लवका कार्यकारी निर्देशक विनोदकुमार विसुन्केले बताए । कार्यकारी निर्देशक विसुन्केका अनुसार लहान नगरपालिकासँगको सहकार्यमा वाटर एडको द बिकन परियोजना अन्तर्गत क्लवले २८ लाख ५८ हजार पाँच सय १४ रूपैयाँ खर्चमा हरेक तीन परिवारले एउटा प्रयोग गर्नेगरी शौचालयको साँचो सम्बन्धित परिवारलाई हस्तान्तरण हो ।

बस्तीमै बनेको शौचालय हस्तान्तरण भएपछि खुशी हुँदै स्थानीय उचित सदायले भने 'दिसा पिसाव गर्न समेत वर्षौंदेखि सुन्दै आएको गालीगलौज बन्द हुने भयो ।' 'रातको समयमा दिसा पिसाव गर्न निस्कन समेत घरका महिलाहरूलाई सकस थियो' उनले भने 'बस्तीमा शौचालय बनेपछि सुरक्षित भएका छौं ।'

## स्थानीय...

गरेर सामुदायिक समूहमा सङ्गठित मानिसहरु अघि बढिरहेका छन् ।

विकासका लागि स्थानीय रूपमै पर्याप्त सोतसाधन छन् । आवश्यकता छ, समस्याको ठीक पहिचान, विश्लेषण र उपयुक्त विकल्पको छनौट गर्नु आवश्यक छ । त्यसका लागि साझा र सामूहिक प्रयत्न, सङ्गठित अभ्यास आवश्यक छ । यो एक दिन वा एक वर्ष गरेर पुरा हुँदैन । यसका लागि नियमित अभ्यास आवश्यक छ । श्रम गर्ने, मिहिनेत गर्ने मानिसको सम्मान गर्ने कुरा प्रमुख हो । काम गर्ने, मिहिनेत गर्ने मानिस अपहेलित, अपमानित हुने अवस्थाको अन्त्य आवश्यक छ ।

सामाजिक रूपान्तरणको अभियानमा सामूहिक संकल्प, प्रतिबद्धता र सामूहिक कार्यप्रणालीमा विश्वास आवश्यक छ । यसका लागि साझा सामुदायिक प्रयासहरु आवश्यक छन् । सामुदायिक विकास तालिमको प्रभाव समुदायमा हेर्न सकिन्छ ।*रातोपाटीबाट*




## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

| | |
|---|---|
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# एकताको महापर्व छठ



पर्वहरू मनाउने क्रममा दशैं, दिपावली र तिहार पर्वपछि अहिले महान पर्व छठ पर्व मनाइँदै छ । सूर्य र उनको देवी स्रुप उषालाई छठी मैयाँको स्रुपमा षष्ठी तिथिमा मुख्य पूजा गरिने हुनाले यो पर्वको नाम छठ पर्न गएको हो ।

आस्था र सहअस्तित्वको पर्व छठको तेस्रो दिन, जसलाई लोकबोलीमा 'सभिxयाँ घाट' भन्ने गरिन्छ । मानव र प्रकृतिबीचको सम्बन्धलाई छठले प्रत्येक बर्ष प्रगाड बनाउँदै आइरहेको छ । मानव जातिको पीडाप्रति सजग गरी छठ पर्वले हरेक बर्ष दीपावली समाप्तिपछि मानव र प्रकृतिबीच हराउँदै, बिलाउँदै, लोप हुँदै गइरहेको संवेदनशील रागात्मक, अटुट संवाद–सम्बन्धको सुत्रधारलाई सबलीकरण गर्दै मानव र प्रकृतिबीच सम्बन्धलाई डोरीको गाँठो जस्तो बाँधने काम गर्छ ।

भनिन्छ, 'भक्त र भगवानसँग सीधा वार्तालाप छठ पर्वमा हुन्छ ।' यो नै एउटा पर्व हो, जसमा पुजारी र पुरोहित आवश्यक पर्दैन । छठमा अर्घ दिइने सूर्य भगवान प्रत्यक्ष देखिन्छ । त्यसैले पुजारी चाहिदैन । छठ उत्सव मनाउँदा परिवारका युवा सदस्यले धार्मिक विधि अवलोकन गरिरहेका हुन्छन् ।

अवलोकनसँगै विधिहरु सिधै सिक्ने र यो क्रम नयाँ पुस्तामा हस्तान्तरण हुँदै आएको छ । केहीले छठ घाटमा सूर्य भगवानको मूर्ति निर्माण गरी ब्रतालु सूर्यलाई नमस्कार गर्छन् । अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिंदा पनि पुजारी आवश्यक पर्दैन । व्रतालुहरु सूर्यमन्त्र उच्चारण गर्दै अर्घ अर्पण गर्छन् ।

छठ शब्द संस्कृतको 'षष्ठी' शब्दबाट विकसित भएको इतिहास छ । चार दिवशीय छठ ब्रतमा सबै भन्दा कष्ठ, कठिनाई, दौडधुप, श्रम–शक्ति र महत्वको हिसाबले कात्तिक शुक्लषष्ठीको दिनै हुन्छ । कात्तिक शुक्ल षष्ठी तिथिका दिन नेपाल र भारतमा धुमधामका साथ मनाइने निकै चर्चित पर्वको नाम हो छठ । यो पर्व षष्ठी पूजाको अपभ्रंशका स्रुपमा आएको हो । यस पर्वमा सूर्यको उपासना गरिन्छ र छठी माता (श्रीसपता) को पूजा गरिन्छ । अस्ताउँदो सूर्यलाई अर्घ अर्पण गरेर प्रारम्भ हुने यो व्रत भोलिपल्टको उदाउँदो सूर्यलाई अर्घ अर्पण गरेर विसर्जन हुने गर्छ । निकै पवित्र, सफा सुग्घर र निष्ठापूर्वक मनाइने लोकपर्व धेरै दृष्टिकोणबाट मननयोग्य छ । छठको धेरै महत्व छन् । तर यहाँ छठको महत्वपूर्ण फरक – फरक ८ विशेषाहरूको चर्चा गर्न जरूरी छ ।

**(१) समाजिक सद्भावको पर्व:**

छठ समाजिक सद्भावको पर्व पनि हो । हाम्रो समाजमा छुवाछूत, भेदभाव, तल्लो जाति–माथिल्लो जातिबीच पानी बराबारको अवस्था अझै कायमै छ । कानुनी रूपमा छुवाछुतको अन्त्य भएपनि समाजमा छुवाछुत भने कायमै छ । तर छठ पर्वले सामाजिक भेदभावको बाँध भने परापूर्व कालदेखिनै भत्काइएको देखिन्छ । हाम्रो समाजमा सबैभन्दा अपहेलित जात डोम हो । तर छठ पर्वका डोम बिना सम्भवै छैन । उनीहरूले पसिना बगाएर बनाएको ढक्की, नाङ्लो, सुपा, डलिया, सुपली आदिमा छठी मैयालाई चढाउन प्रसाद राख्न ब्रतालुहरू प्रयोग गर्छन् । पूजा समाग्री सजाउनाले ती पिछडिएका दलित पनि हाम्रो समाजको अंग हुन र तिनको पनि समाज विकास, संस्कृति संरक्षणमा महत्वपूर्ण योगदान रहेको तथ्यलाई यहाँ स्वीकार गरिएको देखिन्छ । त्यसैगरी यो पर्व मनाउने सनातन धर्मावलम्बीबीच समुदायगत, जातिगत, भाषागत भिन्नता पनि छन् । धार्मिक भिन्नता पनि छन् तर यो व्रत गर्ने व्रतालु वा सघाउने श्रद्धालुबीच त्यसका आधारमा कुनै बैमनश्यता वा द्वन्द्व कहिल्यै हुने गरेको छैन ।

कुनै जात जाति हुन, तिनको दौरा, छैंटी श्रीपताको अगाडि मिलेर, मिलाएरै राखिएका हुन्छन, सबै एउटा गोलमा अटाएको दृश्य हेर्दा राजनीतिले छुट्याएको पहाडी, मधेसी, जातजाति भेद यहाँ सबै टुंगिन पुग्छ । तसर्थ यो व्रतले सामाजिक सद्भाव र मानवीय एकतालाई अझ मजबुत बनाएको देखिन्छ । अझै ध्यान दिनुपर्ने कुरा के छ भने अरु बेला अछुत भनेर तिरस्कार गर्ने समाजका कुलीन वर्गका छोरी र बुहारी पनि बाटोको छेउमा अँचरा (आँचल) थापेर प्रसाद माग्छन् र प्रसाद जुनसुकै जातजातिको होस, आँचलमा पऱ्यो भने त्यसलाई पवित्र मानेर ग्रहण गर्छन् । यसले के प्रमाणित गर्छ भने हाम्रो समाजलाई एकताको सूत्रमा बाँध्न यस्ता पर्वहरूको ठूलो योगदान छ ।

**एकताको पर्व:**

सबै मिलेर घाट बनाउने, सजाउने, सरसफाइ गर्ने, सुरक्षा दिने, रमाउने गतिविधिले मानवीय भाईचारा, सामाजिक एकता र सामाजिक सद्भावलाई दह्रो बनाउन छठ पर्वले मद्दत गरेको छ। तराई–मधेसमा बस्ने हिन्दु धर्मावलम्बीले मनाउने यो पर्वले छिमेकमा बस्ने इस्लाम, बुद्ध धर्म मान्नेलाई पनि आˆनो प्रभावमा राख्दै आएको छ । पहाड र राजधानी यति बेला छठमय भएको छ। बहुसांस्कृतिक, बहुभाषिक र बहुजाति प्रकृतिका समावेशी पर्व छठको सौन्दर्यका लागि मधेश, पडाड र हिमालसंग छठको प्रेम छ ।

**लोकतान्त्रिक पर्व :**

लोकतन्त्रमा सबै बराबर हुन्छ भने जस्तै छठ पर्वले आफूलाई लोकतान्त्रिक पर्व हो भनेर सदियौंदेखि चिनाउँदै आएको छ । सूर्य आफैंमा लोकतान्त्रिक देवता हुन्, उनी कुनै विभेद नगरी गरिव र धनी सबैलाई समान रूपले प्रकाश छर्छन । सूर्यको प्रकाश विना मानव, जीवजन्तु र प्रकृतिको अस्तित्व रहदैंन ।

रोगबाट मुक्ति, पीडाबाट निजात, सन्तान सुःख, पारिवारिक सुःख, सुस्वास्थ्य, दिर्घायूको कामना गर्दै सूर्यको उपासना गरिन्छ। षष्ठी तिथिमा सूर्यको उपासना गर्ने विधि उपक्रमलाई छठपूजा भनिन्छ ।

**अहिंसाको पर्व:**

छठ पर्वले संसारमा सबै जीवजन्तुको रक्षा गर्छ । दशैंमा जस्तो बली प्रथालाई यस पर्वले निषेध गरेको छ। शाकाहारी र अहिंसा भाव र शुद्धतालाई निकै महत्व दिई छठपूजा गरिन्छ । ब्रतालुहरू यस पर्वमा प्याज, लसुन, माछा मासु खादैंनन्। यस पर्वमा सबैको जय जयकार गरिन्छ ।

**आस्थाको पर्व :**

छठपूजाले मनोकामना पुरा हुने विश्वासले जुनसुकै तह, तप्का र क्षेत्रका व्यक्ति तथा समुदायमा आस्था दिनानुदिन बढेको पाइन्छ । त्यसैले छठपर्वलाई आस्था र विश्वासको पर्वसंगै सद्भावको पर्व पनि भनिन्छ ।

**गीतमय पर्व**

छठको सुरूदेखि अन्त्यसम्म सबै विधिविधानहरू गीतबाटै बुझ्न सकिन्छ । छठ पर्व आउन २० दिन अघिदेखि नै छठको गीत संगीत घरघरमा गुञ्जिन्छ। जसले छठ आएको भान हुन्छ। गीतले 'छठ आउँदैछ, तयारीमा जुट' पनि भन्छन्।

**कृषकको पहिचानको पर्व:**

छठ पर्वले कृषि उत्पादनको महत्वलाई स्वीकार गरेको छ। जीवन र प्रकृति एकअर्काका पूरक हुन। प्राकृतिक सम्पदाका संरक्षण गर्नु जीवनको सम्पन्नताको साँचो हो भन्ने तथ्य यो पर्वमा सधैं प्रयोग गरिनेभन्दा फरक उत्पादन चढाउनुले पुष्टि गर्छ । गवडी धान (साठी) सुथनी, अदुवा, बोडी, उखु, नरिवल, सखर(मिठ्ठा), कागती, केराको थम्बा, गहुँ आदिको प्रयोगले किसानको श्रमको कदर गरेको छ।

**नारी सशक्तीकरणको अनुष्ठानको पर्व:**

छठ सूर्यको उपासनाको पर्व भए पनि यस पर्वले सामाजिक सद्भाव, मानवीय सद्भाव, श्रम र प्रकृतिलाई आदर र पवित्रताका धर्म यसको मूल मान्यता हो भन्न सकिन्छ । सूर्यको उपाशनामा कृपालु छठी माईको आशिषबिना अनुष्ठान पूरा हुनै सक्दैन । यो मातृशक्तिप्रतिको श्रद्धा हो। छठ मात्र यस्तो अनुष्ठान हो, जसमा छोरीको कामना गरिन्छ। छठी माईको गीतमा यसको स्पष्ट झझल्को पाइन्छ।

# संगितको दुनियामा चर्चित हुँदै सरोज

**लहान** । तराई मधेसको लोकप्रिय पर्व छठको अवसरमा मेगा म्यूजिक मिर्चैया कम्पनीले नयाँ मैथिली गीत सार्वजनिक गरिरहेको छ ।

मधेसको मैथिली गित संगितको बिकासमा निकै भूमिका खेलेका मेगा म्यूजिकले छठ पर्वको अवसर पारेर 'अखिया से तिर चलैलि' बोलको नयाँ मैथिली गीत आज सार्वजनिक गर्न लागेको हो । मैथिली गीतमा शब्द, स्वर र मोडलको रूपमा सरोज कुमार पासमान रहेको छ भने आरती भण्डारीको अभिनय रहेको छ ।

गीतमा म्यूजिक अनिल कुमार, इडिट क्यामेरा म्यानको रूपमा ललित यादवले काम गरेको मेगा म्यूजिकका संचालक मन्जय अन्सारीले जानकारी दिए । पछिल्लो समयमा सरोज कुमार पासमानको मैथिली गित नियमित रूपमा सार्वजनिक भइरहेको, दर्शकहरूले मन पराइरहेको र मेगा म्यूजिकले मैथिली गित संगितको विकासका लागि लागिपरेको संचालक अन्सारीले जानकारी दिए ।




मधेसमा पछिल्लो समय मैथिली गीत संगितको विकास र यसमा लगानी गर्नेहरूको संख्यामा वृद्धि भएको छ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)